# घिरिङ गाउँपालिका

## गाउँ कार्यपालिका

कार्यपालिका बैठक संख्या :- २०८०/०८१/०२ मिति : २०८०/०५/०४

बैठकको अध्यक्षता :- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा

समय बैठक शुरु बिहानको :- ८.००

बैठक बसेको स्थान :-गाउँपालिका सभाहल

**प्रस्तावहरु**

१) गा.पा.प्रशासकीय भवन,वडा कार्यालयमा तला थप र घुमाउने तालको निर्माणका लागि टेन्डर आहवान सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

२) कार्यालयको जे.सि.वि. सन्चालनका लागि कार्य संचालन समिति सम्बन्धमा ।

३) प्रधानमन्त्री रोजगार कार्यक्रम - योजना सम्बन्धमा ।

४) स्वास्थ्य चौकी,आधारभूत स्वास्थ्य केन्द्र,सामुदायीक स्वास्थ्य ईकाइ,खोप केन्द्र,गाउँघर क्लिनिकहरुलाई आवश्यक सामाग्री व्यवस्थापन सम्बन्धमा ।

५) वडा गत अभिमुखीकरण कार्यक्रम सम्बन्धमा ।

६) पालिका स्तरीय तिज गित प्रतियोगीता सम्बन्धमा ।

७) विविध ।

निर्णय १ प्रस्ताव नं. १ माथि छलफल गर्दा गा.पा.प्रशासकीय भवन,वडा कार्यालयमा तला थप र घुमाउने तालको निर्माणका लागि टेन्डर आहवान सूचना प्रक्रिया अगाडी बढाउने भन्ने निर्णय गरियो ।

निर्णय २) प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिका कार्यालयका नाममा रहेको जे.सि.वि. सन्चालनका लागि तपसिल अनुसारको पालिका स्तरीय समिति रहने निर्णय गरियो ।

तपसिल,

| क.स. | नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री तहल सिं थापा | संयोजन | |
| २ | श्री विष्णु विर आले | सदस्य | |
| ३ | श्री सरिता वि.क. | सदस्य | |
| ४ | श्री राज कुमार थापा | सदस्य | |

होम बहादुर थापा
अध्यक्ष

विष्णु प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ५ | श्री माधव प्रसाद घिमिरे | सदस्य सचिव | |

निर्णय ३) प्रस्ताव नं.३ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट संचालन हुने योजनहरुको लागि वडा कार्यालयवाट योजना माग गर्ने निर्णय गरियो ।

निर्णय ४) प्रस्ताव नं.४ माथि छलफल गर्दा स्वास्थ्य चौकी,आधारभुत स्वास्थ्य केन्द्र,सामुदायीक स्वास्थ्य इंकाइ,खोप केन्द्र,गाउंघर क्लिनिकहरुलाई आवश्यक सामाग्री खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय ५) प्रस्ताव नं.५ माथि छलफल गर्दा चालु आ.व.मा संचालन हुन योजना सम्पन्नका लागि सहज होस भनी वडा स्तरिय योजना संचालन अभिमुखीकरण कार्यक्रम गर्ने निर्णय गरियो ।

निर्णय ६) प्रस्ताव नं.६ माथि छलफल गर्दा पालिका स्तरीय तिज गित प्रतियोगीता मिति २०८०/०५/२५ गतेका दिन संचालन गर्ने र सो कार्य सम्पन्न गर्नका लागि मिति २०८०/०५/१० गतेका दिन पालिका गाउँसभा महिला सदस्यहरु सबै र सो प्रतियोगीतासँग सम्वन्धित अन्य व्यक्तिहरुलाई समेत बैठकमा बोलाई विविध विषयमा छलफल गरी निर्णय गर्ने भन्ने निर्णय गरियो ।

विविधमा तपसिल अनुसार हुने ।

- यस पालिकाको गाउँ कार्यपालिकाको बैठक प्रत्यक महिनाको ३ गतेका दिन बस्दै आएको अब उपरान्त प्रत्येक महिनाको ५ गतेका दिन बस्ने उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलि पल्ट बस्ने निर्णय गरियो ।
- भिमाद देखि साभुङ्ग देउराली सम्मको ऋङ्ग पथ सरसफाई गर्नको लागि बाटो हेरालुको कामकाज गर्नका लागि १(एक) जना हेरालु राख्ने निर्णय गरियो ।
- स्थानीय सरकार सँचालन एन २०७४.को दफा ६२ क तथा घिरिङ गाउँपालिकाको आर्थिक एन २०८० को अनुसुची ७ को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदी जन्य पदार्थ,खनिज पदार्थ, जडीबुटि तथा स्थानीय स्तरमा उत्पादित बस्तुहरूको बातावरण शुल्कको बिक्रि करका दरहरू पारित गर्ने निर्णय गरियो।"
- तपशिलः-

| क.स | बातावरण शुल्कको बिक्री करका शिर्षकहरू | दर रू. |
|---|---|---|
| १ | ढुँगा,गिटी,बालुवा, ग्राबेल र रोडा प्रति क्यू फिट | ४ |
| २ | स्लेट (बिछ्याउने ढुँगा,खरि चुन ढुँगा) क्यु फिट | ३ |
| ३ | भट्टामा प्रयोग गर्ने माटो प्रति क्यू फिट | ०.२ |
| ४ | इट्टा प्रयोग प्रति हजार | ४५ |
| ५ | ब्लक प्रति गोटा | ०.२ |
| ६ | पशु चौपाया सानो (खसि,बोका,कुखुरा) प्रति गोटा | ५०/५ |
| ७ | पशु चौपाया ठुलो (पाडा,राँगा,बँगुर) प्रति गोटा | ५०० |
| ८ | अदुवा प्रति क्वीन्टल | २५ |

होम बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| ९ | फलफुल (सुन्तला, केरा आदि) | ४५ |
| १० | तरकारी प्रति क्वीन्टल | २० |
| ११ | माछा प्रति क्वीन्टल | २१० |
| १२ | बीयर बोत्तल प्रति गोटा | ०.५ |
| १३ | मदिरा सिसी प्रति गोटा | ०.५ |
| १४ | अन्य बोत्तल प्रति गोटा | ०.५ |
| १५ | प्लाष्टिक जन्य पदार्थ प्रति के.जि | ०.५ |
| १६ | फलाम प्रति के.जि | ३ |
| १७ | सिलौटा/जस्ता प्रति के.जि | २ |
| १८ | तामा/ पित्तल प्रति के.जि | ३० |
| १९ | कागज जन्य पदार्थ प्रति के.जि | २ |
| २० | छाला प्रति पिस | ३० |
| २१ | अन्य प्रति के.जि | २ |
| २२ | पानी प्रति काटुन | १ |
| २३ | सिमेन्ट प्रति बोरा | १ |
| २४ | कू-काठ प्रति क्यू फिट | २० |
| २५ | खयर,साल सिसौ जातका काठ गोलाइ प्रति क्यू फिट | ३५ |
| २६ | खयर,साल सिसौ जातका काठ चिरान प्रति क्यू फिट | ५० |
| २७ | सिमल, आँप, अन्य रूख प्रति क्यू फिट | २५ |
| २८ | दाउरा प्रति केजि | ०.०१ |
| २९ | बाँस प्रति गोटा | १ |